नेपाल सरकार

# ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय

कर्मचारी प्रशासन शाखा

प.सं.: ०८०/०८१

च.नं.: १०४५

सिंहदरबार, काठमाडौं

मितिः २०८१/०३/१७

ने.सं. ११४४ तछलागा दशमी सोमबार

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल ।

श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं ।

श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल ।

श्री जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक ।

विषयः <u>सेवाकालीन प्रशिक्षण कार्यक्रम सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. ६१२/०८०/८१ मिति २०८१।०३।०६ को पत्रको छायाप्रति यसैसाथ संलग्न छ । सो पत्रबमोजिम राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीहरुको लागि २०८१।०४।०८ गते देखि संचालन हुने ४० कार्यदिने Advance Courese on Management and Development (ACMD) विषयक सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन इच्छुक कर्मचारीहरुको निवेदन सहितको विवरण मिति २०८१/०३/२१ गते भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखामा आइपुग्ने गरी उपलव्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

(विकास डंगोल)

शाखा अधिकृत

फोन नं.: ४२११५१६, ४२११८८६ इमेलः info@moewri.gov.np वेवसाइटः www.moewri.gov.np

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. PSTD/CIsT

च.नं१ २/२०८०/२०८१

मितिः २०८१/०३/०६

श्री उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD) तथा अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो **मनोनयन पत्र मिति २०८१/०३/२८ गतेसम्म इमेल ठेगाना** inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| PCMD 1 | 1 जना | २०८१/०४/०८ देखि ३२ कार्यदिने |
| ACMD 1 | 1 जना | २०८१/०४/०८ देखि ४० कार्यदिने |
| PCMD: श्री स्मृति प्रधान (९८४११७६०२२) | | https://forms.gle/sfjfSzmQxt2Tb21i9 |
| ACMD: श्री रोशनी भुजेल (९८५१२०१०४६) | | https://forms.gle/GDxgnxX6B3c2PcWL9 |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी पछि गराइनेछ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाउनु पर्नेछ।
- मनोनित कर्मचारीहरुले ACMDका लागि https://forms.gle/GDxgnxX6B3c2PcWL9 र PCMDका लागि https://forms.gle/sfjfSzmQxt2Tb21i9 मार्फत registration गर्नु पर्नेछ।

स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत